

# किवीफल– नेपालको पहाडी कृषकहरुको लागी एक नयाँ फलफूल खेती

(Kiwifruit – An Emerging fruit crop in Nepal)

## परिचय :

किवीफल अंगुर जस्तै लहरामा फल्ने वहुवर्षिय अत्यन्त महत्वपूर्ण फल हो । किवीफलको वैज्ञानिक नाम *Actinidia deliciosa* हो र यो Actinidiaceae परिवार अन्तर्गत पर्दछ । पोषण, आम्दानी, रोजगारी तथा हावापानी हरेक दृष्टिकोणले महत्वपूर्ण हुदा हुदै पनि प्रचार प्रसार तथा आवस्यक ज्ञानको अभावले विकास प्रकृयामा यो फलले अझै सम्म प्राथमिकता पाउन सकेको छैन । यो फल चैत्र वैशाख महिनामा फुल फुल्दछ र कार्तिक मंसिर महिनामा फल तयार हुन्छ । यसको फल ठुलो अण्डा आकारको खैरो झुसले ढाकेको हुन्छ । कात्तिक मङसिर महिनामा वोटमा फल छिप्पिए पछी टिपिन्छ र फल छाम्दा गिलो भएर पाके पछी खान लायक हुन्छ । फलको पातलो बोक्रा वाहेक सवैभाग खानमा प्रयोग हुन्छ । फल लामो समय सम्म भण्डारण गरेर राख्न सकिन्छ । फलको स्वाद स्ट्रवेरी र भुईकटहर मिसिएको जस्तो अनौठो हुन्छ । फलमा धेरैमात्रामा भिटामिन सि तथा अन्य खनिज तत्व भएकोले ज्यादै पोषिलो छ र फलको राजा मानिन्छ । मूल्यको हिसावले संसारमा नै सवभन्दा महगो फलफूलमा पर्दछ । किवीफलको जुसलाई महतवपुर्ण जडीवुटी यार्सागुम्वा र गानोडर्मा च्याउ जत्तिकै महत्वमा राखिएको छ ।





चित्र : लहरामा फलेको किवीफल

किवीफलको भाले र पोथी फूल फरक फरक बोटमा फुल्दछ (Dioecious) तसर्थ फल फल्नको लागि भाले र पोथी जात एकै ठाउंमा लगाउनु पर्दछ अथवा व्यवशायिक खेति गर्दा ८ देखि १० बोट पोथीको विचमा कम्तिमा एक बोट भाले जात लगाउनु पर्दछ ।



भाले फूल



पोथी फूल

यो फलको विरुवा एक पटक लगाए पछी ३०– ४० वर्ष सम्म लगातार फल दिई रहन्छ । हिउद महिनामा पात झर्दछ र लहरा छिटो वढ्ने स्वभावको हुन्छ । मलजल र स्याहार संभार राम्रो पाएमा पहिलो वर्षदेखि नै फल फल्न शुरु गर्दछ र तेश्रो वर्षदेखि व्यवशायिक उत्पादन दिन थाल्दछ । प्रति वोट सरदर ५० किलो फल्दछ ।

**नेपालमा किवीफलको संभाव्यता तथा महत्व :**

किवीफलको विशेषता र स्वभाव अनुसार चिसो हावापानी, आद्रता वढी भएको, सिंचाई सुविधा भएको जमिन आवस्यक पर्ने भएकोले नेपालको १२०० मिटर देखि २५०० मिटर सम्मको उच्चाईमा पर्ने पूर्व देखि पश्चिम सम्मको लाखौ हेक्टर पहाडी भूभागमा यसको खेती गर्न सकिन्छ । फलफूल खेतीको हिसावले हाल नेपालको सुन्तला भईरहेको उच्चाई भन्दा माथी र हाल स्याउ खेति भैरहेको क्षेत्र मुस्ताङ्ग, कर्णाली क्षेत्र भन्दा तलको क्षेत्र यसको संभावता भएको क्षेत्र हो ।

Geographical Subdivision of Nepal



वर्षातमा पानीको राम्रो निकास भएको र अन्य महिनामा सिंचाईको सुविधा भएको पाखो जग्गामा यसको खेति गर्न उपयुक्त हुन्छ । हाल नेपालमा यो फल पोषणदायक, वजारमुखी, रोजगारमुलक, तथा ज्यादै आयमुलक खेतिको रुपमा  देखा परेको छ । सर्वसाधारण उपभोक्तालाई यसको प्रयोगवारेमा थाहा छैन । जनताको पोषण सुधार हुने, कृषकहरुको आयस्तर वृद्धीहुने रोजगारी पाउने, पहाडी कृषिको  लागी उपयुक्त प्रविधि र नेपालको ग्रामिण विकासमा महत्वपूर्ण भूमिका खेल्ने यस्तो फलफूल खेतीलाई जति सक्दो छिटो वढावा हुनु पर्नेमा केवल ज्ञानको अभावले गर्दा हामी पछाडी परिरहेका छौ भने हाम्रो युवा शक्ति वेरोजगारले छटपटाई रहेका छन् र कृषकहरु परापुर्व देखिको निर्वाहामुखी खेतिमै निर्भर रहनु परेको अवस्था छ ।

वुँदागत रुपमा यसको महत्व विष्लेशण गर्दा :

१, यो फल ज्यादै पोषिलो र स्वस्थ्यवर्धक छ (Highly Nutritious) : यो फलमा धेरै मात्रामा भिटामिन सि र खनिज पदार्थ पाईन्छ । यो धेरैथरी रोगहरु मुटुरोग, क्यान्सर, प्रेसर, दम तथा मधुमेह रोगलाई समेत फाइदाजनक छ । वच्चाहरुलाई चिसो तथा रुघाखोकी लाग्नवाट वचाउछ ।

२, धेरै फल्दछ (Heavy Fruiting) : यो फल प्रतेक वर्ष फल्दछ र प्रतिवोट सरदर ५० केजि फल्दछ राम्रो मलखाद तथा स्याहार संभार पाएमा १०० किलो प्रतिवोट फल्न सक्दछ ।

३, उत्पादन प्रविधि कृषकले ग्रहण गर्न सजिलो छ ( Easy Production Technology) : यो फलको खेती गर्दा पहिलो वर्ष खाल्टो खन्न, विरुवा खरिद गर्न, र सपोर्ट व्यवस्थापन गर्नुपर्ने भएकोले लगानी वढी लाग्दछ ।

४, वजारमुखी छ (Market Oriented fruit) : हाल नेपालमा यसको वजार प्रमुख रुपमा सुपरमार्केटमा हुने गरेको छ । काठमाण्डौको सुपरमार्केटमा निकै महगोमा  सिजन अनुसार रु.२००.देखि ६००.प्रति किलोमा विक्री भैरहेको छ । निजी नर्सरीहरुमा एउटा विरुवाको मुल्य रु.३५०.देखि ६०० सम्ममा विक्री भैरहेको छ ।

५, आम्दानी  धेरै हुन्छ ( High Income generation) : यो फल प्रति रोपनी १५ वोट अटाउछ र १० वटा मात्र वोटमा प्रतिवोट ५० के.जि फलेमा प्रतिरोपनी ५०० केजि फल फल्दछ र  न्यूनतम रु १०० प्रतिकेजि विक्री गरेमा पनि प्रतिरोपनी प्रतिवर्ष रु ५००००। आम्दानी हुन्छ ।

६, कृषि पर्यटन वढाउछ (Promote Agro / Rural Tourism)  किवी वगानमा फल तथा फूल फुलेको अवस्थामा राम्रो देखिन्छ र नेपालको लागी नयाँ प्रविधि भएकोले हेर्न तथा सिक्न आउने हुदा यसले कृषि पर्यटन वढाउछ ।

७, लामो समय सम्म भण्डारण गरेर राख्न सकिन्छ (Long storge ability) : किवीफल वोटमा छिप्पिए पछी टिपिन्छ र सरक्षित राखिन्छ । टिप्दा, वसारप्रसार गर्दा, भण्डारण गर्दा प्यकिङ्ग गर्दा चोटपटक नलगाई सुरक्षित गरेमा लामो समय सम्म भण्डारण गरेर राख्न सकिन्छ र कोल्ड स्टोरमा झन् लामो समय सम्म राख्न सकिन्छ । किवीफल मार्ग, पौष महिनामा टिपिने भएकोले पनि तापक्रम कम भएकोले लामो समय सम्म रहन्छ ।

८, रोजगारीको अवसर वढाउछ (Promote Employment opportunity) संसारको किवीखेती हुने देशहरुमा यसको व्यवशायीक खेती ज्यादै छिटो रुपमा वढेको छ । धेरै आम्दानी हुने, पोषिलो, अन्य परिकार हरु किवी जुस, किवी वाईन, जाम वनाउन सकिने हुदा विभिन्न उद्यमशिलता वढाउछ ।

९, यो निर्यात जन्य फल हो ( Export Opportunity) यस फलको वजार प्रचार प्रसार भएपछी नेपालमा नै खपत हुन्छ भने भारत र वङ्गलादेश प्रमुख रुपमा निर्यात गर्न सकिने देशहरु हुन् ।

१०, यो दिगो विकासको प्रविधि हो (Sustainable Technology) नेपालको धेरैजसो पहाडी भिरालो भूभागमा यसको खेती गर्न उपयुक्त हुने , प्रतेक वर्ष खनजोत गर्न नपर्ने, भूक्षय कमी हुने, आयस्तर वृद्धी हुने, कान्लामा घाँस उत्पादन भै पशुपालनमा सहयोग पुग्ने हुदा दिगो विकासमा सहयोग पुर्याउछ ।

११, राष्ट्रिय अथतन्त्रमा ठुलो टेवा दिन्छ (Direct Impact on National Economy) नेपालको हाल सुन्तला खेती भैरहेको क्षेत्र भन्दा माथी र स्याउ खेती हुने मुस्ताङ्ग तथा कर्णाली क्षेत्र भन्दा तलको भूभागको अथवा १२०० मिटर देखि २५०० मिटर सम्मको उच्च पहाडी भूभागमा यस फलको उत्पादन गरी ठुलो परिमाणमा यसको उत्पादन गर्न सकिन्छ र कृषकहरुले आयस्तर वृद्धि गर्न सक्दछन् । हाल नेपालको फलफूल उत्पादनमा सुन्तला र स्याउ खेतिले भन्दा वढी योगदान दिन सक्ने सम्भाव्यता रहेको छ ।

यस्तो किसिमको एउटै फलफूल खेती जसले नेपालको अर्थतन्त्रमा ठुलो सहयोग पुर्याउने निश्चित छ र हाल किवीफल वारे थोरैमात्र जानाकारी पाउने कृषकहरु यसको खेती गर्न जुर्मुराएका छन् । विरुवालाई महगो मुल्यमा पनि खरिद गर्न तयार छन् तसर्थ मात्र अव सवै क्षेत्रको सहभागितामा, दृढ विश्वासका साथ यसको वढावा गर्नु जरुरी भएको छ ।

**किवीफलको उत्पत्ती तथा नामाकरण :**

किवीफलको सवैभन्दा पहिला सन १८२१ मा अमेरिकी वैज्ञानिक नेथानियल वालिच (Nathaniel Wallich) ले नेपालमा संकलन र क्यटालग (Collection and Catalogue) गरेका थिए भनेर डेभिड एलान ब्रुने (Davis Alen Burnie 2009) को अध्यायन प्रतिवेदन ( Economic Fesibility of New Kiwi fruit Cultivars for Commercial Planting in Alabama) भन्ने लेखमा उदृत गरेका छन् ।

शुरुमा नेपालमा पाईएको भनिएता पनि वीउको प्रसारण चिनवाट भएकोले यसको उत्पत्ती चिनमा हो भनिएको छ । चिनमा यो फललाई याङ्ग ताओ भनिन्छ र चिनवाट यो फलको विउ १९औ सताब्दीमा न्यूजिल्याण्ड ल्याई विकसित जातको विकास गरियो र यसको व्यापारिकरणको लागी यो फलको नाम किवीफल राखियो । हाल यो फललाई किवीफलको नामले संसारभर परिचित छ । यसको खेति हुने प्रमुख देशहरुमा ईटाली, चिली, अमेरिका जापान न्युजिलैण्ड, चिन, फ्रान्स, क्यानडा, आदी देशहरु छन् भने भारत र भुटान, जस्ता छिमेकी देशहरुले व्यवशायिक शुरुवात गरिसकेका छन् । नेपालमा सवैभन्दा पहिला स्विस प्रजेक्टमा कार्यरत एक ईन्जीनियर जे.एफ.म्यासी भन्ने व्यक्तिले २०४५ सालमा दोलखा जिल्लाको चरिकोट स्थित स्याम खड्काको जग्गामा लगाईएको भन्ने थाहा भएको छ र हाल राम्रो उत्पादन दियी रहेको छ । सम्भवत यहिनै नेपालमा किवीखेतीको शुरुवात जिल्ला हुन सक्दछ । जिरी स्थित प्राविधिक शिक्षालयमा पनि केहि किवीफलका वोटहरु रहेको छ । नेपालको दोलखा, मकवानपुर, ताप्लेजुङ र पांचथर जिल्लाको जङ्गलमा ठेकी फल र शेर्पा भाषामा फेमियाल्दो भनेर चिनिने किविफलजस्तै जंगली फल पाईन्छ र घाास तथा फल अमिलोको रुपमा प्रयोग भएको पाईन्छ

किवीफल लाई चाइनिज भाषामा Yang tao भनिन्छ , यस लाई Chinese gooseberry पनि भनिन्छ यो चिनको राष्ट्यि फल हो । न्युजिलैण्डको राष्ट्यि चरा किवीको नामवाट यस फललाई किवीफल भन्न थालिएको हो ।



Yang – tao
Chinese Gooseberry



Kiwi -National bird of New zealand brown hairless bird.

**नेपालमा हालसम्म किवीफल खेतिको वढावामा भएका प्रयासहरु यस प्रकार रहेको छ :**

- केन्द्रिय वागवानी केन्द्र किर्तिपुरमा किवीफल प्रदर्शनी प्लट स्थापना भएको छ र फल फल्न शुरुवात भएको छ र यसको विरुवा उत्पादन शुरु भएको छ ।
- ललितपुरको गोदावरी स्थित ईसिमोड (ICIMOD) संस्थाको प्रदर्शनी फार्ममा विभिन्न जातको किवीफलको नमूना वगैचा लगाईएको छ र राम्रो उत्पादन दिन शुरु गरको छ साथै किवीफलको विरुवा उत्पादन गरी विक्री वितरण तथा प्रचारप्रसार भैरहेको छ ।
- काभ्रे जिल्ला सुव्वा गाँउ २ स्थित श्री कर्मा लामा, T H S केवि नर्सरी ( ०११ ६६२३०८) जाईका संस्थावाट तालिम प्राप्त गरि किवीको नमूना वगैचा तथा नर्सरी तयार गरी विरुवा विक्री भै रहेको छ ।

- शितोष्ण वागवानी केन्द्र दामन मकवानपुर मा लगाईएको किवीफल राम्रो उत्पादन दिन शुरु गरेको छ ।
- वागवानी विकास अधिकृत श्री धन वहादुर थापा, वागवानी केन्द्र किर्तिपुर ले **किवीफ्रुट खेती प्रविधि** पुस्तक प्रकाशन गरि प्रचार प्रसारमा सहयोग पुगेको छ ।
- वातावरण संरक्षण तथा वैकल्पिक उर्जा प्रा.लि सुलुवुङ ५ तालगााउ इलाम ( ९८४२६५६०६५ **Email :-** taramanik28@gmail.com,) ***किवी खेतिमा लम्कनुहोस आफ्नो भविष्य चम्काउनुहोस*** भन्ने नाराका साथ प्रचार प्रसार गर्दै ईलाम जिल्लामा व्यापक रुपमा किवीखेति शुरुवात भएको छ ।
- वागवानी फार्म वोच दोलखाले (०४९-४२१२३४, ९८४४१५४४८२) जिल्ला विकास समिति सहित विभिन्न सस्थाहरुको सयूक्त सहभागितामा फार्मको ७ रोपनी जग्गामा प्रदर्शनिको लागी व्यवस्थित रुपमा २०६६ सालमा विरुवा लगाई किवी प्रदर्शनी फार्मको रुपमा वढावा गरेको छ र किवी विरुवा उत्पादन कार्य शुरुवात गरेको छ । हाल वोच वागवानी फार्मलाई किवीफलको श्रोत केन्द्र Kiwi Fruit Informaton Center को रुपमा विकास गर्न र सरकारी तवरवाट किवीफल वढावाको लागी अभियानका साथ कार्य शुरुवात गर्दैछ । किवीखेती सम्वन्धि तालिम केन्द्रको शुरुवात भएको छ ।
- दोलखा जिल्लाको वोच गा.वि.स.ले २०६८ साल देखि एक घर एक किवी वगानको अवधारणा ल्याई प्रतेक घरमा अनुदानमा किवी विरुवा वितरण शुरु गरेको छ ।
- काभ्रे जिल्ला पातलेखेत गा.वि.स ९ का कृषि विज्ञ डा. श्री सुर्य प्रसाद पाण्डे ज्यूको सकृयतामा ३० रोपनी जग्गामा (Surya's Organic Kiwi farm, Kavre, Nepal 9841251257) किवी खेती गर्नुभएको र हाल उत्पादन दिन शुरु भै हिमालयन अर्गानिक किवीको नाममा प्रचार प्रसार गर्दै काठमाण्डौको सुपरमार्केटमा विक्री भैरहेको छ ।










**नेपालमा किवीफल वढावाको लागी गनुपर्ने कार्यहरु :**

कुनै पनि विकास कार्य गर्ने, गराउने र उपयूक्त प्रविधिको संयोग सहित निश्चित कार्य योजनाका साथ निरन्तर लागी परेमा मात्र सफल हन्छ, तसर्थ नेपालको कृषि विकासमा यस वालीले ठुलो सहयोग गर्नसक्ने भएकोले नेपाल सरकार, गैर सरकारी संघ सस्थाहरु तथा सवै सम्वन्धित निकायहरुले प्रमुख रुपमा निम्न कार्यहरु गर्न जरुरी भएको छ ।

- नेपालको सन्दर्भमा किवीफल, कृषि प्राविधिक, कृषक , विकास योजनाकार, निती निर्माता तथा सर्वसाधारण उपभोक्ता सवैका लागी नया फलफूल भएकोले यसको महत्व र खेती प्रविधि वारेमा विभिन्न माध्याम वाट प्रचार प्रसार गर्नु पर्ने भएको छ ।
- नेपालमा यो फलको संभाव्यता विशलेषण (SWOT), प्रविधि अनुसन्धान र उपयुक्त विकास मोडेलको डिजाईन का साथ प्रभावकारी कार्यान्वियन हुन जरुरी भएको छ ।
- हाल किवीफल विरुवाको उत्पादन स्थिती ज्यादै न्यून भएको र कृषकहरुवाट माग ज्यादै वढेकोले विरुवाको मूल्य ज्यादै महगो भएको छ तसर्थ गुणस्तरिय विरुवा उत्पादनको लागी वृहत रुपमा नर्सरी स्थापना कार्य तत्काल शुरु गर्नुपर्ने भएको छ ।
- हालसम्म नेपालमा किवीवालीमा त्यस्तो खतरनाक रोग तथा किराको प्रकोप लक्षण नदेखिए पनि विदेशवाट विरुवा वीउ ल्याउदा राम्ररी उपचार गरेर मात्र देशमा भित्र्याउने तथा लगाउनु पर्दछ ।
- सम्वन्धीत निकायले विभिन्न जातको किवीफल विरुवा ल्याई प्रदर्शनीको रुपमा विकास गराउनु पर्दछ ।
- प्रविधि विकासको लागी कृषि तथा पशु विज्ञान अध्यायन संस्थान तथा नेपाल कृषि अनुसन्धानले किवीखेति वारे अध्यापन, अध्यायन, अनुसन्धान रिपोर्ट हुनु जरुरी छ ।

- जनशक्ति विकास को लागी उपयुक्त कृषि प्राविधिक लाई किवीफल सम्वन्धि ज्ञान आर्जन गर्न वैदेशिक अध्यायन भ्रमण, तालिमको व्यवस्था गर्नु पर्ने र तालिम पश्चात किवीफल वढावाको लागी लगनशिल भै लाग्नु पर्दछ ।
- कृषकहरुलाई किवीफल वढावा सम्वन्धि चेतना वढाउन तालिम भ्रमण, गोष्ठी छलफल कार्यक्रम संचालन गनु पर्दछ ।
- जिल्ला विकास समिति, गाँउ विकास समिति, कृषि सहकारी जस्ता स्थानिय निकायहरुले संभाव्य क्षेत्रका कृषकहरुलाई किवीफल विकासमा अनुदान सहयोग दिनु पर्दछ ।
- सम्वन्धित निकायहरु फार्म केन्द्र, फलफूल विकास निर्देशनालयले योजनावद्ध रुपमा किवीफल वढावा कार्यक्रम तर्जुमा गर्नु पर्ने आवस्यकता छ ।

अतः नेपाल जस्तो भिरालो पहाडी क्षेत्रफल (६८ प्रतिशत) भूभागमा परापूर्व देखि लगाउदै आएको कोदो र मकैको सट्टा यस प्रकारको वजारमुखी वाली लगाई कृषि विकासलाई राम्रो व्यावसायीक रुपमा अगाडी वढाउन सकिने र आय आर्जनको विकल्पको रुपमा देखा परेको यस खेतीलाई सवैको सहयोगमा अगाडी वढाउन नितान्त जरुरी भएको छ ।

**<u>किवीफल खेती गर्दा ध्यान दिनुपर्ने कुराहरु :</u>**

- के तपाईको किवी खेती गर्ने ठाँउ उपयुक्त हावापनीमा पर्दछ ? १२०० मिटर ( ४०००) फिट देखि २५०० मिटर सम्मको उच्चाई चाहिन्छ ।
- के तपाईको किवी खेती गर्ने ठाँउमा सिंचाई सुविधा छ ? यसको जरा गहिरो जादैन तसर्थ समय समयमा सिंचाई दिनु पर्दछ ।
- के तपाईको किवी खेती गर्ने ठाँउमा निकासको सुविधा छ ? वर्षामा धेरै पानि परेको समयमा पानी जम्न हुदैन
- के तपाईले किवी खेती सफल भएको ठाँउको अनुभव लिनु भएको छ ? व्यावशायीक खेति शुरु गर्नुपूर्व विस्तृत जानाकारीको लागी वागवानी फार्म, वोच दोलखा अथवा अन्य सफल भएको ठाउँमा सम्पर्क राख्नुहोस ।
- के तपाईको किवी खेती गर्ने ठाँउ मा आवस्यक मलखादको व्यवस्थापन गर्न सक्नुहुन्छ ? माटोको अवस्था हेरी मलको राम्रो व्यवस्था मिलाउनु पर्दछ ।
- के तपाईको किवी लाई आवस्यक पर्ने सर्पोट सुविधा र काँटछाँट मिलाउन सक्नुहुन्छ ? यसको लहरा छिटो वढ्ने स्वभावको हुन्छ तसर्थ सपोर्टको लागी व्यवस्था र काँटछाँट मिलाउनु पर्दछ ।
- के तपाईको किवी खेती गर्ने ठाँउमा ठुलो असिना पर्दछ ? ज्यादै ठुलो असिना र हुरीवतास वाट वचाउने उपया गर्नु पर्दछ ।

- के तपाईलाई नेपालमा किवीफलको गुणस्तरिय विरुवा पाउने नर्सरी काहाँ काँहा छ थाहा छ ? राम्रो विरुवाको श्रोत हाल नेपालमा ५ स्थानमा मात्र विरुवा पाउन सक्नुहुनेछ । वागवानी फार्म, वोच, दोलखा, किवी नर्सरी स्याम खड्का चरिकोट, दोलखा, किवी नर्सरी डा. सूर्य प्रसाद पाण्डे, पातलेखेत काभ्रे, किवी नर्सरी शम्भू तमाङ, वनेपा सागा, काभ्रे, र ईसिमोड फार्म गोदावरी, ललितपुरमा सम्पर्क राख्न सक्नुहुनेछ ।
- के तपाईले किवी खेती सफल वनाउन निरन्तर ध्यान दिन फुर्सद छ ? व्यावशायीक खेति सफल वनाउन निरन्तर मेहनत र ध्यान दिनु पर्दछ । अन्य फलफूल जस्तो साधारण लगाएर, हुर्काएर मात्र फाईदा लिन सकिदैन ।
- सफल रुपमा किवी वगान स्थापनाको लागी किवीफलको व्यवस्थित रुपमा सिपमूलक तालिमको आवस्यकता पर्दछ । तसर्थ तालिमको लागी वागवानी फार्म, वोच दोलखामा सम्पर्क राख्नुहोस्

**सन्दर्भ सूचि :**

१, श्री धनवहादुर थापा, (२०६६) किवीफ्रुट खेती प्रविधि, केन्द्रिय वागवानी केन्द्र, किर्तिपुर, काठमाण्डौ ।

२, डा.आ.पि.अवस्थी, डा. जगमोहन सिंह, निचले एवं मध्यवर्ती क्षेत्रोंका सुनहरा भविष्य किवीफल, डा. वाई.एस.परमर विश्वविद्यालय, नौनी, सोलन, हिमान्चल प्रदेश, भारत ।

३, डा.जगमोहन सिंह चौहान, डा. डी.डी.शर्मा, किवीफल की वागवानी, डा. वाई.एस.परमर विश्वविद्यालय, नौनी, सोलन, हिमान्चल प्रदेश, भारत ।

४, विशाल एस.राण, ए.एस. रिहालिया, निना चौहान, किवीफल उत्पादन की वैज्ञानिक तकनिक, डा. वाई.एस.परमर विश्वविद्यालय, नौनी, सोलन, हिमान्चल प्रदेश, भारत ।

५, ईन्टरनेट, वेभसाईट सर्च ।

प्रस्तुतकर्ता : चन्द्र मान श्रेष्ठ, फार्म प्रमुख, वागवानी फार्म, वोच, दोलखा ।

Email : boanch.gov@gmail.com Mobile : 9844154482